Samriddhi Finance
Partnership for Prosperity

# समृद्धि फाइनान्स कम्पनी लिमिटेड
# Samriddhi Finance Company Limited

नेपाल राष्ट्र बैंकबाट ‘ग’ वर्गको इजाजतपत्रप्राप्त संस्था

**रजिष्टर्ड केन्द्रिय कार्यालय:** हेटौंडा १, मकवानपुर, फोन नं: ०५७-५२५१००/५२३२२९

E-mail: info@sfcl.com.np, Website: www.sfcl.com.np

**को**

## हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला सम्बन्धी सूचना !!!

समृद्धि फाइनान्स कम्पनी लिमिटेडको १९ औं वार्षिक साधारण सभाबाट पारित २:१ (अर्थात् २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयर) हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा नेपाल धितोपत्र बोर्डबाट मिति २०७८/०८/२९ मा स्वीकृति प्राप्त भइसकेको व्यहोरा जानकारी गराइन्छ।

सोही अनुसार समृद्धि फाइनान्स कम्पनी लिमिटेडको रु.१००/- अंकित दरका २७,२९,७०५ कित्ता शेयरहरुको हकप्रद निष्काशन गर्नका निमित्त कम्पनीले शेयर दाखिल खारेज बन्द गरिएको मिति २०७८/०९/११ गतेभन्दा अघिल्लो दिनसम्म शेयरधनी दर्ता पुस्तिकामा कायम शेयरधनी महानुभावहरुलाई २ : १ (अर्थात् आफ्नो नाममा कायम २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयर) को अनुपातमा मिति २०७८/११/०८ गते आइतबारदेखि निष्काशन तथा बिक्री खुल्ला गरिने भएको हुँदा सम्बन्धित सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

यस हकप्रद शेयर निष्काशन प्रयोजनको निमित्त देहायका स्थानहरुमा रकम सहित दरखास्त फाराम बुझाउन सकिने व्यवस्था गरिएको छ।

| सि.नं. | संकलन केन्द्रहरु |
|---|---|
| १. | बि.ओ.के. क्यापिटल मार्केट लि., नारायणचौर, नक्साल, काठमाडौं।** |
| २. | समृद्धि फाइनान्स कम्पनी लि., केन्द्रीय कार्यालय, हेटौडा-१, मकवानपुर। |
| ३. | क) समृद्धि फाइनान्स कम्पनी लि., शाखा कार्यालय, बुटवल, रुपन्देही (उपत्यका बाहिर)। |
| | ख) समृद्धि फाइनान्स कम्पनी लि., शाखा कार्यालय, पोखरा, कास्की (उपत्यका बाहिर)। |
| | ग) समृद्धि फाइनान्स कम्पनी लि., शाखा कार्यालय, नारायणघाट, चितवन (उपत्यका बाहिर)। |
| | घ) समृद्धि फाइनान्स कम्पनी लि., शाखा कार्यालय, पुतलीसडक, काठमाडौं (उपत्यका भित्र)। |
| ४. | सि-आश्वाको सदस्यता लिएका बैंक तथा वित्तीय संस्थाहरुबाट सि-आश्वा प्रणाली मार्फत हकप्रद शेयर भर्न सकिने। |

**** उपरोक्त संकलन केन्द्रमा चेक तथा भौचरबाट मात्र दरखास्त बुझिलिने व्यवस्था गरिएको छ।**

उपरोक्त स्थानहरूको अलावा हकप्रद शेयर निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरूले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुनुभन्दा अघिको मितिसम्ममा **बि.ओ.के. क्यापिटल-समृद्धि फाइनान्स कम्पनी लि.** को नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) चेकको ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी बि.ओ.के. क्यापिटल मार्केट लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा पठाएको निवेदनलाईमात्र बाँडफाँटमा समावेश गरिनेछ। तर शेयर बिक्री बन्द भएको ५ (पाँच) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन। नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त आश्वा (ASBA-Application Supported By Blocked Amount) सेवामा सहभागि बैंक वा वित्तीय संस्थाहरूमा समेत **सि-आश्वा (C-ASBA)** प्रणाली मार्फत शेयर दरखास्त फाराम बुझाउन सकिनेछ। साथै मिति २०७८/०९/११ गतेभन्दा अघिल्लो दिनसम्म हितग्राही खातामा शेयर जम्मा भईसकेका शेयरधनी महानुभावहरुले **मेरो शेयर (Mero Share)** मार्फत समेत आवेदन दिन सक्नेछन्। हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक **श्री बि.ओ.के. क्यापिटल मार्केट लिमिटेड**को **वेवसाइटः www.bokcapital.com.np** तथा निष्काशनकर्ता कम्पनी **श्री समृद्धि फाइनान्स कम्पनी लि.** को **वेवसाइटः www.sfcl.com.np** बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरूले आफ्नो हक सम्बन्धी विवरण निष्काशन तथा बिक्री प्रवन्धक **श्री बि.ओ.के. क्यापिटल मार्केट लिमिटेड**को **वेवसाइटः www.bokcapital.com.np** तथा निष्काशनकर्ता कम्पनी श्री समृद्धि फाइनान्स कम्पनी लि.को **वेवसाइटः www.sfcl.com.np** बाट हेर्न सकिनेछ।

**शेयर निष्काशन बन्द हुने मितिः छिटोमा २०७८/११/२९ गते (बैंकिङ्ग समय पश्चात्)**

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

**बि.ओ.के. क्यापिटल मार्केट लि.**
**B.O.K Capital Market Ltd.**
A subsidiary of Bank of Kathmandu Limited

नारायणचौर, नक्साल, काठमाडौं, नेपाल।
फोन नं.: ०१-४४१३४९६, ४४१३०९६
Email: info@bokcapital.com.mp
Website: www.bokcapital.com.np

**यस सूचना २०७८/१०/२० गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गर्ने।**